# सिस्ने गाउँपालिकाको कमलदह संरक्षण तथा व्यवस्थापन कार्यविधि २०७७

**प्रस्तावना**

सिस्ने गाउँपालिकामा रहेको बहुआयामिक दृष्टिले महत्वपुर्ण सम्पदा कमलदहको प्राकृतिक स्वरुपलाई सुरक्षित राख्दै यस दहमा आश्रीत जलचर पशुपन्छि संरक्षण गर्न, कमल संरक्षण एव जरा व्यवस्थापन समेत गर्न जरुरी भएकोले प्राकृतिक, प्रर्यटकिय, धार्मिक, पर्यावरणीय दृष्टिले समेत उच्च महत्व बोकेको कमलदहको उचित संरक्षण तथा व्यवस्थापन गर्ने सिस्ने गाउँपालिका गाउँ कार्यपालिकाले नेपालको संविधानको अनुसुची ८ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को अधिनमा रहि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ र दफा ११ को अधिकार प्रयोग गरी यो कार्यविधि तर्जुमा गरेको हो।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **कमलदह संरक्षण तथा व्यवस्थापन कार्यविधि २०७७** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२ **परिभाषाः** विषय वा प्रसङ्गले अर्का अर्थ नलागेमा यस कार्यविधिमा

क. **जलस्रोत** भन्नाले सिस्ने गाउँपालिका क्षेत्रभित्रको भुसतहमा वा भुमिगत वा अन्य जुनसुकै अवस्थामा रहेका पानी सम्झनुपर्छ।

ख. समिति भन्नाले यस कार्यविधि बमोजिम गठित कमलदह संरक्षण तथा व्यवस्थापन समिति सम्झनुपर्छ।

ग. कार्यालय भन्नाले सिस्ने गाउँपालिकाको कार्यालय सम्झनुपर्छ।

घ. गाउँपालिका भन्नाले सिस्ने गाउँपालिकालाई सम्झनुपर्छ।

ङ. दह भन्नाले सिस्ने गाउँपालिकामा रहेको कमलदह सम्झनुपर्छ।

च. **ताल** भन्नाले सिस्ने गाउँपालिकामा रहेको कमलदह सम्झनुपर्छ।

छ. **स्थानीय तह वा स्थानीय सरकार** भन्नाले सिस्ने गाउँपालिकालाई सम्झनुपर्छ।

## परिच्छेद २

## तालको स्वामित्व र उपयोग

**३. तालको स्वामित्वः** (१) सिस्ने गाउँपालिका भित्र रहेको दह तथा सबै जलस्रोतको स्वामित्व नेपाल सरकार तथा स्थानीय सरकारमा निहित रहनेछ।

(२) प्रचलित संविधान संघीय प्रदेश तथा गाउँपालिकाको कानुन बमोजिम गाउँपालिका भित्रको जलस्रोतको उपयोग व्यवस्थापन तथा संरक्षण गर्ने अधिकार गाउँपालिकालाई हुनेछ।

(३) जलसंकट उत्पन्न भई दहको पानी उपयोग गर्ने पर्ने अवस्था आएमा जो कोही व्यक्ति वा समुहले समितिबाट अनुमति लिएर निशुल्क जल उपयोग गर्ने सकिनेछ।

(४) दहको आसपासमा रहेको कुनै सार्वजनिक वा व्यक्तिगत स्थल घर गोठ आदिमा भएको आगलागि नियन्त्रण गर्ने प्रयोजनका लागि कुनै पनि अनुमति विना तालको पानी प्रयोग गर्ने सकिनेछ।

(५) उपदफा (३) र (४) बमोजिम प्रयोग गरेको दहको पानीको विवरण एक हप्ता भित्र समितिमा लिखित जानकारी गराउनु पर्नेछ।

## परिच्छेद ३

## समिति सम्बन्धी व्यवस्था

**४. समिति गठन गर्ने सकिनेः** १) दह संरक्षण तथा व्यवस्थापनका लागि एक समिति गठन गर्न सकिने छ।

२) समितिमा दह रहेकै वडाका सदस्य सहित ११ जना सम्म रहने गरी समावेशी प्रकृतिको देहाय बमोजिमको समिति गठन गर्न सकिने छ।

| | |
|---|---|
| १) अध्यक्ष | १ जना |
| २) उपाध्यक्ष | १ जना |
| ३) सचिव | १ जना |
| ४) कोषाध्यक्ष | १ जना |
| ५) सदस्य | ७ जना |

३) प्रथम पटक आम भेलाबाट २०७७ पुष २२ गते गठित तदर्थ समिति र गाउँपालिकाको समन्वयमा समिति गठन गरिनेछ ।

४) समुदायका दह सम्बन्धी जानकार एवं विज्ञहरुको उपस्थितिमा वन, प्रर्यटन, वातावरण सम्बन्धी विज्ञ तथा कमलदह बारे जानकार एव सरक्षणमा योगदान गर्ने व्यक्ति मध्येबाट गाउँपालिकाले समिति गठन गर्ने सक्नेछ ।

५) समितिको छुट्टै बैंक खाता, छाप, लेटरप्याड हुनेछ ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** (१) दफा ४ बमोजिम गठित समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) दह संरक्षण र व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने ।

(ख) दह प्रवेश दस्तुर वनभोज (पिक्निक) दस्तुर संकलन गर्ने ।

(ग) दह र दह आसपासको क्षेत्रको सरसफाई गर्ने, गराउने ।

(घ) घर पालुवा पशुचौपाया प्रवेशमा रोक लगाउने ।

(ङ) धार्मिक कार्य र मृत्यु संरकारका लागि मानिसलाई निःशुल्क र सहज आवगमन र जल उपयोग गर्न मदत गर्ने ।

(च) सम्भावित दुर्घटनाको पूर्वानुमान गरी सरक्षको उपाय अपनाउने ।

(छ) समितिको बैठकबाट निर्णय गरी कर्मचारी नियुक्ति देखि अवकाश सम्मको कार्य गर्ने ।

(ज) विभिन्न क्षेत्रबाट संकलित रकमको २० प्रतिशत रकम गाउँपालिकालाई बुझाउने र कमलको जरा बिक्री तथा ठेक्का वापतको ८० प्रतिशत रकम गाउँपालिकाबाट प्राप्त गर्ने ।

(झ) पर्यटन प्रवर्धन सम्बन्धी कार्य गर्ने ।

(ञ) समितिले आवश्यक ठानेका प्रचलित कानून बमोजिमका कार्यहरु समितिको बैठकले निर्णय गरी गर्न सक्नेछ ।

६. **समितिको पुनर्गठनः (**१) देहायको अवस्था सिर्जना भएमा गाउँपालिकाले जुनसुकै बेला दफा ४ बमोजिम गठित समितिको पुनर्गठन गर्ने सक्नेछ ।

(क) समितिले प्रचलित ऐन कानून तथा यस कार्यविधि अनुसार काम नगरेमा।

(ख) दह संरक्षणका लागि न्युन क्रियाशिलता भएमा ।

(ग) समितिका सदस्य वा पदाधिकारी विचमा विवाद वा वेमेल भएमा।

(घ) कुनै पनि कारणले समितिको पद रिक्त भएमा।

७. **समितिको कार्यकाल**: (१) दफा ४ बमोजिम गठित समितिको कार्यकाल दुई बर्षका लागि हुनेछ।
(२) समितिको कार्य प्रभावकारी भएमा दुई कार्यकाल एउटै समितिले कार्य गर्न सक्नेछ।

८. **समिति विघटन**: **(**१) यस कार्यविधि बमोजिम गठित समितिको विघटन गर्न पर्याप्त र उचित कारण देखेमा सिस्ने गाउँपालिकाको कार्यपालिकाको बैठकले विघटन गर्न सक्नेछ।
(२) उपदफा (१) वा कुनै पनि कारणले समिति विघटन भएमा सिमितिको खातामा रहेको सम्पूर्ण रकमको स्वामित्व सिस्ने गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको हुनेछ।

## परिच्छेद ४

## आर्थिक कारोबार सम्बन्धी व्यवस्था

९. **आर्थिक कारोबार गर्ने अधिकार** (१) समितिले बैठकको निर्णयबाट आर्थिक कारोबार गर्न सक्नेछ।

(२) दह प्रवेश दस्तुर जस्ता कार्यबाट रकम संकलन गर्न सक्नेछ।

(३) समितलाई प्राप्त रकम सम्बन्धित क्षेत्रको विकास व्यवस्थापनमा परिचालन गर्नुपर्नेछ।

(४) पउदफा (३) बमोजिमको कार्य गर्दा सिस्ने गाँउ कार्यपालीकाको निर्णय बमोजिम हुनेछ।

१०. **बैकं खाता हुने**:(१) समितिको एक छुट्टै बैंक खाता हुनेछ।

(२) बैंक खाता समितिका काम्तिमा २ जना पदाधिकारीका नामबाट सञ्चालन हुनेछ।

(३) समितिको आर्थिक कारोवार बैंक खाताबाट हुनेछ।

## परिच्छेद ५

## समितिका पदाधिकारीलाई सेवा सुविधा

११. **सेवा सुविधा हुने**: (१) समितिका पदाधिकारीलाई देहाय बमोजिम सुविधा हुनेछ।

क) मासिक एक बैठकका लागि बैठक भत्ता,

ख) प्रत्येक वैठकका लागि खाजा सुविधा,

(२) उपदफा (१) वमोजिमको सुविधा समितिले प्राप्त गरेको आफ्नै स्रोतबाट उपलब्ध गराउनुपर्ने छ।

## परिच्छेद ६

## समितिको वैठक र निर्णय

**१२. बैठक वस्नुपर्ने**: (१) दफा (४) बमोजिम गठित समितिको वैठक हरेक महिनामा  कम्तिमा २ पटक वस्नुपर्नेछ।

**१३. वैठक वस्ने स्थान**:(१) समितिको वैठक स्थान बस्ने स्थान समितिले आफै निर्धारण गर्नेछ।

**१४. आमन्त्रण गर्नसक्ने** (१) समितिको वैठक वस्दा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत, सम्बन्धित वडा अध्यक्ष तथा सम्बन्धित विषय विज्ञलाई समितिले आमन्त्रण गर्न सक्नेछ।

**१५. समितिले निर्णय पेश गर्नुपर्ने**:(१) समितिले गरेका प्रत्येक निर्णयको प्रतिलिपी कार्यालयमा पेश गर्नुपर्नेछ।

**१६. वैठक बसाल्न सक्ने**:(१) गाउँपालिकाले आवश्यक ठानेमा जुसुकै बेला पनि समितिको वैठक वोलाउन सक्नेछ।

## परिच्छेद ७

## सहकार्य एंव समन्वय

**१७. सहकार्य गर्न सक्ने**: (१) दफा (४) वमोजिम गठित समितिले दह संरक्षण एंव व्यवस्थापनका लागि कार्यालयलाई जानकारी गराएर सरकारी निकाय, सुरक्षा निकाय, स्थानीय युवा क्लव, क्लव, वा संघ, संथा एंव कुनै निकायसँग निश्चित कार्यका लागि सहकार्य गर्न सक्नेछ।

**१८. स्वार्थ नजोडिएको हुनुपर्ने**: (१) दफा (१८) वमोजिम सहकार्य गर्दा दह संरक्षण र व्यवस्थापन वाहेक अन्य व्यक्तिगत स्वार्थ नजोडिएको हुनुपर्नेछ।

## परिच्छेद ८

## सूचना सम्प्रेषण

**१९. सूचना सम्प्रेषण गर्न सक्ने**: (१) यस कार्यविधि बमोजिम गठित समितिले दह संरक्षण सम्बन्धी आवश्यक सूचना वा जानकारी कार्यालयसँग सहकार्य गरेर स्थानीय सञ्चार माध्यममा सम्प्रेषण गर्न सक्नेछ।

## परिच्छेद ९

## सल्लाहकार सम्बन्धी व्यवस्था

**२०. सल्लाहकार राख्न सक्नेः**(१) समितिले आवश्यकता ठानेमा विज्ञताका लागि एक समयमा ३ जना सम्म सल्लाहकार राख्न सक्नेछ ।

(२) सल्लाहकार सम्बन्धी अन्य व्यवस्था समितिको वैठकको निर्णय अनुसार हुनेछ ।

## परिच्छेद १०

## अनुगमन समिति सम्बन्धी व्यवस्था

**२१. अनुगमन समिति गठन हुनेः** (१) कमलदह संरक्षण तथा व्यवस्थापन समितिले गरेका कार्यको अनुगमन गर्न देहाय वमोजिम अनुगमन समिति गठन हुनेछ ।

(क) गाउँपालिका अध्यक्ष....................................................अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष ..................................................सदस्य

(ग) गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत ..................................सदस्य

(घ) सम्बन्धित वडाको वडा अध्यक्ष ..........................................सदस्य

(ङ) सम्बन्धित दहसंग जोडिएको वन समिति अध्यक्ष ..........................सदस्य

## परिच्छेद ११

## निर्देशन र कर्तव्य

**२२. निर्देशन दिन सक्नेः**(१) आवश्यक ठानेमा गाउँपालिका वा अनुगमन समितिले दफा ४ बमोजिम गठित समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

**२३. कर्तव्य हुनेः** (१) दफा (१३) वमोजिकम प्राप्त निर्देशन मान्नु समितिको कर्तव्य हुनेछ ।

## परिच्छेद १२

## राजीनामा सम्बन्धी व्यवस्था

**२४. राजीनामा दिन सक्नेः** (१) समितिका पदाधिकारी वा सदस्यले राजीनामा दिनु परेमा समितिका अध्यक्ष वा संयोजक मार्फत  गाउँपालिका अध्यक्षबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) समितिका अध्यक्ष वा संयोजक स्वयमले राजीनामा दिनु परेमा सोझै   गाउँपालिका अध्यक्ष समक्ष लिखित राजीनामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद १३

## दह संरक्षणको दायरा

**२५. संरक्षित क्षेत्र मानिनेः** (१) देहाय बमोजिमको क्षेत्र, वस्तु, प्राणी सबै संरक्षित क्षेत्र मानिनेछ ।

(क) दह र दह क्षेत्रमा रहेको पानी, पानीको मूहान, कमल र कमलको जरा

(ख) जलचर पशुपन्छी

(ग) आसपासका रुख, बोट विरुवा, घाँस

(घ) दह क्षेत्रको मन्दिर वा सो अन्तर्गतका संरचना

(ङ) दह संरक्षण वा पर्यटन प्रवर्द्धनका लागि निर्मित सवै भौतिक संरचना

(च) दहमा उत्पन्न जैविक, अजैविक चिज वस्तु आदी ।

## परिच्छेद १४

## बाधा अबरोध गर्न नहुने

**२६. समितिलाई बाधा अवरोध गर्न नहुनेः**(१) प्रचिलित कानून र यस कार्यविधि बमोजिम कार्य गर्दा संरक्षण समितिलाई कसैले बाध अवरोध गर्न पाइने छैन ।

**२७. समितिले बाधा अवरोध गर्न नहुनेः**(१) दफा ४ बमोजिम गठित समितिले देहायको अवस्थामा वाधा अवरोध गर्न पाउने छैन् ।

क. अन्य कुनै वैधानिक निकायले दह संरक्षणको कार्य गर्दा,

ख. कुनै निकायलाई ठेक्का पट्टा परी कानुन बमोजिम कार्य गर्दा,

ग. जलसंकट उत्पन्न भई पिउने पानी वा आगलागी नियन्त्रण गर्ने प्रयोजनका लागि पानी उपयोग गर्दा,

## परिच्छेद १५

## दण्ड सजाय

२८. **दण्ड सजायः** (१) कसैले यो कार्यविधि विपरित कुनै काम गरेमा वा कार्यविधि उल्लङ्घन गरेमा जलस्रोत ऐन २०४९ वा जलचर संरक्षण ऐन २०१७ बमोजिम सजाय हुनेछ।

## परिच्छेद १६

## विविध

२९. **गाउँपालिकाले दहको संरक्षण वा व्यवस्थापन गर्न सक्नेः** (१) गाउँपालिका आफैले कमलदहको संरक्षण तथा व्यवस्थापन गर्नमा यस कार्यविधिले कुनै बाधा पुर्याएको मानिने छैन।

३०. **बैठकको निर्णयबाट हुनेः** (१) यस कार्यबिधिमा उल्लेख भएका विषयको कुनै कार्य गर्नु परेमा वा यसमा उल्लेख नभएका प्रचलित कानून बमोजिम अन्य कार्य गर्नु परेमा समितिको बैठकले निर्णय गरी गर्नुपर्ने छ।

३१. **प्रचलित कानून लागु हुनेः** (१ ) यस कार्यबिधिमा व्यवस्था भएका विषयका सम्बन्धमा सोही बमोजिम र उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस कार्यविधि विपरित अनुदान रकम लिई वा चन्दा लिई, सहयोग मागी रकम दुरुपयोग गरेमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरिनेछ।

३२. **वाधा अड्काउ फुकाउनेः** (१) यस कार्यविधि अनुसार कार्यक्रम कार्यान्वयनमा बाधा अड्चन आइपरेमा समितिको अनुरोधमा गाउँपालिकाको कार्यपालिकाको बैठकले बाधा अड्काउ फुकाउन सक्नेछ।

(२) यो कार्यविधि गाउँपालिकाको कार्यपालिकाको बैठकले आवश्यकता अनुसार संशोधन तथा खारेज गर्न सक्नेछ।